मिति २०८१ साल कार्तिक महिनाको ७ गते आइतबारका दिन यस सत्यवती गाउँपालिका जोहाङ्ग, गुल्मीको आ.व. २०८१/०८२ को प्रथम त्रैमासिक समीक्षा गाउँपालिका अध्यक्ष श्री टिकाराम पाण्डेज्यूको अध्यक्षता तथा निम्नानुसारको उपस्थितिमा सम्पन्न गरियो।

**उपस्थितीः**

| क्र.सं. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | टिकाराम पाण्डे | गा. पा. अध्यक्ष | |
| २ | निरमाया तरामु | गा. पा. उपाध्यक्ष | |
| ३ | अर्जुन कनौजे | वडा अध्यक्ष | |
| ४ | खडगविर थापा | वडा अध्यक्ष | |
| ५ | जित बहादुर त्रामु मगर | वडा अध्यक्ष | |
| ६ | पिताम्बर ज्ञवाली | वडा अध्यक्ष | |
| ७ | बाबुराम ज्ञवाली | वडा अध्यक्ष | |
| ८ | विष्णु प्रसाद भण्डारी | वडा अध्यक्ष | |
| ९ | लोक बहादुर बुढाथोकी | वडा अध्यक्ष | |
| १० | होम बहादुर राना | वडा अध्यक्ष | |
| ११ | टोपली राना | कार्यपालिका सदस्य | |
| १२ | कमला पचभैया काउचा | कार्यपालिका सदस्य | |
| १३ | झना कुमारी नेपाली | कार्यपालिका सदस्य | |
| १४ | पतिराम कामी | कार्यपालिका सदस्य | |
| १५ | सृजना कुमाल | कार्यपालिका सदस्य | |
| १६ | माया वि.क. | कार्यपालिका सदस्य | |

प्रस्ताव नं. १ आ.व. २०८१/०८२ को प्रथम त्रैमासिक समिक्षाको प्रतिवेदन सम्बन्धमा

निर्यण नं. १- प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका विभिन्न शाखाहरुबाट प्रस्तुत भएको आ.व. २०८१/०८२ को प्रथम त्रैमासिक प्रगति विवरण समिक्षा गर्दा देखिएको समस्या र समाधानका उपायहरु को प्रतिवेदन निम्नानुसार रहेको छ।

समस्याहरुः

१. कर्मचारीहरुलाई उचित तालिम तथा वृत्तिविकासका अवसरको कमी ।
२. समयमा कार्य सम्झौता नगर्ने र ढिलो काम शुरु गरी छिटो सम्पन्न गरेको पाइयो।
३. योजना तथा कार्यक्रमहरुमा जनसहभिगिताको कमी ।
४. स्टिमेट अनुसारको रकम उपलब्ध हुदा पनि उपभोक्ता समितिले घाटा व्यहोर्नु पर्‍यो भन्ने गुनासो आउनु।
५. कार्यालयका मेसिन तथा औजारहरु समयमा मर्मत नहुदा कार्य सम्पानामा समस्या आएको।
६. पालिका क्षेत्रभित्रका व्यवसायहरु दर्ता तथा नविकरण नभई सञ्चालनमा रहेको गुनासो आउनु।
७. अखाद्यय तथा म्याद नाघेका बस्तुहरुको वितरण भएकोले जनस्वास्थ्यमा प्रतिकुल असर पेरेको गुनासो आउनु।
८. उपभोक्ताहरुले भुक्तानिको लागि आउदा आवश्यक पर्ने कागजातहरु नजुटाइ आउदा भुक्तानीमा समस्या हुने ।
९. प्राथमिकता प्रास योजनामा वजेट व्यवस्था गर्न नसक्नु।
१०.वजेट मध्यमकालिन खर्च संरचना र योजनाहरुको विचमा तादत्म्यता हुन नसक्नु।

समाधानका उपायहरुः

१. कर्मचारीहरुलाई समय समयमा उचित तालिम तथा वृत्तिविकासका अवसरहरु उपलब्ध गराउनु पर्ने।
समयमा सम्झौता गरी समयमै काम सम्पन्न गर्न सुझाव दिइयो।
२. योजना तथा कार्यक्रमहरु मा जनसहभागितामा वृद्धि गर्ने समितिलाई उत्प्रेरित गर्नुपर्ने।
३. स्टिमेट अनुसारको रकम उपलब्ध हुदा पनि उपभोक्ता समितिले घाटा व्यहोर्नु पर्ने समस्याको अन्त्य गर्न पहल गर्नुपर्ने।
४. कार्यालयका मेसिन तथा औजारहरु समयमा मर्मत गरी कामलाई चुस्त दुरुस्त राख्ने व्यवस्था मिलाउनु पर्ने।
५. पालिका क्षेत्रभित्रका सवै व्यवसायीहरुलाई समयमा दर्ता र नविकरण गर्न प्रशिक्षित गर्नुपर्ने।
६. अखाद्यय तथा म्याद नाघेका वस्तुहरुको वितरणको अन्त्य गर्न व्यवसायीहरुलाई सचेत गराउनुपर्ने।
७.उपभोक्ताहरुले भुक्तानिको लागि आउदा आवश्यक पर्ने कागजातहरु जुटाएर आउनको लागि प्रशिक्षित गराउनु पर्ने।
८. प्राथमिकता प्रास योजनामा वजेटको व्यवस्था गर्नु पर्ने।
९. वजेट मध्यमकालिन खर्च संरचना र योजनाहरुको विचमा तादत्म्यता मिलाउनु पर्ने।

टिकाराम पाण्डे
अध्यक्ष